जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily




वर्ष : ३ | अंक : २१३ | २०८२ साल फागुन १५ गते, शुक्रबार | Friday, Feb.– 27 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## विशाल जनशक्तिप्रदर्शनले बारा-४ मा जसपा नेपालको उम्मेदवार सञ्जु साहको जित पक्का :पूर्व मुख्यमन्त्री सोनल

***संवाहक सम्वादाता***-१४फागुन, कलैया

बारा निर्वाचन क्षेत्र नम्बर ४ मा जनता समाजवादी पार्टी (जसपा) नेपालको चुनावी गतिविधि तीव्र बन्दै गएको छ। जसपा नेपालका प्रतिनिधिसभा उम्मेदवार सञ्जु साहको पक्षमा आयोजित शक्तिप्रदर्शनमा पूर्व मुख्यमन्त्री तथा पार्टीका वरिष्ठ नेता जितेन्द्र सोनलसहित हजारौं सर्वसाधारणको सहभागिताले चुनावी माहोल थप तातेको छ।





प्रसौनी र परवानीपुर गाउँपालिकामा आयोजित शक्ति प्रदर्शन तथा जनसभामा ठूलो जनसहभागिता देखिएको जसपा नेपालले जनाएको छ। कार्यक्रममा बोल्दै पूर्व मुख्यमन्त्री सोनलले मधेशको पहिचान, अधिकार र सङ्घीय व्यवस्थाको सुदृढीकरणका लागि यसपटक जसपा नेपालको जित आवश्यक रहेको बताए। उनले मधेश आन्दोलनबाट प्राप्त उपलब्धि अझै संस्थागत गर्न बाँकी रहेको उल्लेख गर्दै संसदमा मधेशको आवाज बुलन्द गर्न सञ्जु साहलाई विजयी गराउन जनता तयार भइसकेको दाबी गरे। उनका अनुसार आज देखिएको विशाल जनसहभागिताले मतदाताको मनोभाव स्पष्ट पारेको छ। बाहिरबाट आएका उम्मेदवारलाई जनताले अस्वीकार गरिसकेको र स्थानीय नेतृत्वकै जित सुनिश्चित हुने उनले बताए।

यसैबीच, जसपा नेपालले फेटा

बाँकी तेस्रो पृष्ठमा

## जसपा नेपालको चुनावी अभियान तिब्र, रामकिशोर यादव जनतामाझ सक्रिय

***संवाहक सम्वादाता***-१४फागुन, कलैया

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा जनता समाजवादी पार्टी ( जसपा) नेपालका उम्मेदवार रामकिशोर प्रसाद यादवले बारा निर्वाचन क्षेत्र नम्बर २ मा चुनावी अभियानलाई तीव्र बनाएका छन्। सभा-सम्मेलन, कोणसभा, घरदैलो तथा मतदाताका गुनासा सुन्ने कार्यक्रममार्फत उनी यतिबेला गाउँ-गाउँमा पुगिरहेका छन्।



चुनावी अभियानका क्रममा उम्मेदवार यादवले मधेश र मधेशी समुदायको पहिचान संरक्षण, संसदमा मधेसीको आवाज सशक्त रूपमा उठाउने, जनसंख्याको आधारमा संवैधानिक निकायमा प्रतिनिधित्व सुनिश्चित गर्ने तथा सुरक्षा निकायका उच्च तहमा सहभागिता बढाउने एजेण्डालाई प्राथमिकताका साथ अघि सारेका छन्। साथै कर योगदानको आधारमा मधेशको विकास, दलित, मुस्लिम, जनजाति, आदिवासी तथा महिलाको शिक्षा, स्वास्थ्य, कृषि र युवा स्वरोजगारलाई विशेष प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै मत मागिरहेका छन्।

जसपा नेपालका जिल्ला सह-सचिव सिकेन्द्र दासले सङ्घीयता संरक्षणका लागि यसपटक जसपा नेपालको जित आवश्यक रहेको बताए। उनका अनुसार पार्टीको एजेण्डाप्रति मतदाताको सकारात्मक प्रतिक्रिया देखिएको छ।

स्थानीय नेताहरूले पनि क्षेत्रगत रूपमा पार्टीको अवस्था बलियो रहेको दाबी गरेका छन्। पचरौटाका पूर्व मेयर रमेश यादवले उक्त क्षेत्रमा

बाँकी तेस्रो पृष्ठमा

## प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मदिरा बिक्री निषेध, सीमा नाका बन्द गरिने

***संवाहक सम्वादाता***-१४फागुन, कलैया

बारा – प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय बाराले मदिरा बिक्री तथा सीमा नाका बन्द गर्ने निर्णय गरेको छ।




जिल्ला प्रशासन कार्यालय बाराद्वारा जारी सूचनाअनुसार २०८२ साल फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै जिल्लाभर सुरक्षा व्यवस्था कडा पारिएको हो। प्रशासनले निर्वाचन अवधिभर शान्ति सुरक्षा कायम राख्न विशेष आदेश जारी गरेको जनाएको छ। सूचनाअनुसार फागुन १५ गतेदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म बाराभर मदिरा लगायत सबै प्रकारका मादक पदार्थको ओसारपसार, बिक्री वितरण तथा सेवन पूर्ण रूपमा निषेध गरिएको छ। आदेश उल्लंघन गरेमा प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ।

त्यसैगरी फागुन १८ गते राति १२ बजेदेखि फागुन २१ गते राति १२ बजेसम्म बारासँग जोडिएका भारतीय सीमा नाकाहरू पूर्ण रूपमा बन्द गरिने जनाइएको छ।

यस्तै, फागुन २० गते राति १२

बाँकी तेस्रो पृष्ठमा

## कांग्रेस उम्मेदवार भैयाराम यादवको बारा २ मा चुनावी अभियान तीव्र, जनसमर्थन बढ्दो

***संवाहक सम्वादाता***-१४फागुन, कलैया

नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार भैयाराम यादवले बारा निर्वाचन क्षेत्र नम्बर २ मा घरदैलो कार्यक्रम तथा चुनावी प्रचारप्रसारलाई तीव्र बनाएका छन्। निर्वाचन नजिकिँदै जाँदा उनको चुनावी अभियान क्षेत्रभर जोरसँग अघि बढिरहेको छ।



उम्मेदवार यादवको जित सुनिश्चित गर्ने लक्ष्यसहित महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले चुनावी अभियानको नेतृत्व सम्हालेका छन्। निर्वाचन क्षेत्रका सबै ४४ वडामा बुथ कमिटी तथा प्रचारप्रसार समिति गठन गरी संगठित रूपमा चुनावी गतिविधि सञ्चालन भइरहेको पार्टी स्रोतले जनाएको छ।

अभियानमा पार्टी कार्यकर्ता मात्र होइन, स्थानीय मतदाताको सहभागिता र समर्थन समेत उल्लेखनीय रूपमा बढ्दै गएको बताइएको छ। रणनीतिक रूपमा कमजोर देखिएका क्षेत्रमा स्थानीय तथा जिल्ला कमिटीका नेताहरूलाई सक्रिय रूपमा परिचालन गरिएको छ, जसले चुनावी माहोल थप उत्साहजनक बनेको जनाइएको छ।

उम्मेदवार भैयाराम यादवले विगतमा गैरसरकारी संस्थामार्फत यस क्षेत्रमा सयौं युवालाई रोजगारीको अवसर उपलब्ध गराएको तथा सामाजिक परिवर्तनका कार्यक्रममार्फत महिलालाई उद्यमशील र आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेलेको स्थानीयहरू बताउँछन्। विशेषगरी घुम्टोभित्र सीमित महिलालाई सीप तथा क्षमता विकासमार्फत स्वरोजगारतर्फ उन्मुख गराएको योगदानका कारण जनसमर्थन बढ्दै गएको दाबी गरिएको छ।

निर्वाचन अभियान तीव्र बन्दै जाँदा बारा-२ मा कांग्रेस उम्मेदवार यादवको पक्षमा माहोल सकारात्मक बन्दै गएको पार्टी नेताहरूको भनाइ छ।

## निर्वाचनलाई लक्षित गर्दै पर्सामा मदिरा बिक्री र सेवनमा पूर्ण प्रतिबन्ध

***संवाहक सम्वादाता***-१४फागुन, कलैया

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सुरक्षित, व्यवस्थित र निष्पक्ष वातावरणमा सम्पन्न गराउने उद्देश्यले पर्सा जिल्लामा मदिराजन्य पदार्थको बिक्री-वितरण तथा सेवनमा प्रतिबन्ध लगाइएको छ।




जिल्ला प्रशासन कार्यालय पर्साले सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलमार्फत जारी गरेको सार्वजनिक सूचनाअनुसार निर्वाचन अवधिभर जिल्लाभर मदिरा कारोबार र सार्वजनिक सेवन गर्न नपाइने व्यवस्था गरिएको हो।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त बनाउन तथा सार्वजनिक शान्ति सुरक्षामा असर पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै यस्तो निर्णय गरिएको प्रशासनले जनाएको छ। निर्वाचन आयोग नेपालको निर्देशन, गृह मन्त्रालयबाट प्राप्त परिपत्र तथा जिल्ला सुरक्षा समितिको बैठकको निर्णयअनुसार शुक्रबारदेखि लागू हुने गरी अन्तिम मत परिणाम घोषणा नभएसम्म निषेध आदेश कायम रहनेछ।

प्रशासनले जारी गरेको सूचनामा मदिराजन्य पदार्थको बिक्री, वितरण वा सेवन गरी आदेश उल्लङ्घन गर्ने जो-कोहीलाई प्रचलित कानुनअनुसार कारबाही गरिने स्पष्ट चेतावनी दिइएको छ। साथै, निर्वाचन अवधिमा शान्ति सुरक्षा प्रभावकारी बनाउन सरोकारवाला सबै पक्षलाई सहयोग गर्न आग्रह गरिएको छ।



"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय .......

# बाराका ईट्टा भट्टा : विकासको नाममा विषाक्त धुवाँ र राजश्व चुहावट

बारामा सञ्चालनमा रहेका सयौं ईट्टा भट्टा उद्योगले अहिले गम्भीर प्रश्न खडा गरेका छन्–के हाम्रो नियामक संयन्त्र साँच्चिकै सक्रिय छ, कि केवल कागजमा मात्र सीमित ? करिब छ सयको हाराहारीमा रहेको भनिएको ईट्टा भट्टामध्ये ठूलो संख्यामा उद्योग अनुमति नवीकरण नगरी तथा वातावरणीय मापदण्ड उल्लंघन गर्दै सञ्चालनमा रहनु सामान्य त्रुटि होइन, प्रशासनिक उदासीनताको परिणाम हो । ईट्टा उद्योग निर्माण क्षेत्रको आधार अवश्य हो, तर कानुन र मापदण्डविपरीत सञ्चालन हुने उद्योग विकासको प्रतीक बन्न सक्दैन। भट्टाबाट निस्कने धुवाँ, धुलो र कोइलाको प्रदूषणले आसपासका बस्तीको वायु गुणस्तर खस्किएको छ। स्थानीय बासिन्दामा दम, एलर्जी, खोकी र फोक्सोसम्बन्धी रोग बढ्दै जानु केवल स्वास्थ्य समस्या होइन–यो भविष्य पुस्तामाथिको अन्याय हो। कृषि उत्पादनमा समेत असर पर्नु वातावरणीय असन्तुलनको स्पष्ट संकेत हो। अर्कोतर्फ, कर छली र बिलिङ अनियमितताको आशंकाले आर्थिक पक्ष झन् गम्भीर बनाएको छ। यदि उद्योगहरूले वास्तविक कारोबार लुकाएर राजश्व छली गरिरहेका छन् भने त्यसले राज्यको ढुकुटीमा प्रत्यक्ष क्षति पुऱ्याइरहेको छ। इमान्दार करदाताले नियम पालना गर्दा नियम मिच्नेहरू मौलाउनु न्यायोचित प्रतिस्पर्धाविपरीत हो। यसले व्यवसायिक वातावरणमै विकृति ल्याउँछ । समस्या केवल उद्योगीको होइन, नियमन निकायको पनि हो। वातावरण संरक्षण ऐन र औद्योगिक मापदण्डले स्पष्ट व्यवस्था गरे पनि प्रभावकारी अनुगमन नहुनु, निकायबीच समन्वय अभाव रहनु र कारबाहीमा ढिलासुस्ती हुनु नै अहिलेको संकटको जड हो। अनुगमन यदि समयमै र निष्पक्ष रूपमा हुने हो भने नियमविपरीत उद्योग यसरी फस्टाउन सक्दैनथे । अब आवश्यक छ–दृढ राजनीतिक इच्छाशक्ति र कडाइका साथ कार्यान्वयन। संयुक्त अनुगमन टोली गठन गरी अनुमति नवीकरण नगरेका तथा वातावरणीय मापदण्ड उल्लंघन गर्ने उद्योगलाई तत्काल कानुनी दायरामा ल्याइनुपर्छ। प्रदूषण नियन्त्रण प्रविधि अनिवार्य गरिनुपर्छ र राजश्व पारदर्शिताका लागि डिजिटल प्रणाली प्रभावकारी रूपमा लागू गरिनुपर्छ। विकासको अर्थ केवल संरचना निर्माण होइन; स्वस्थ वातावरण, सुरक्षित नागरिक र पारदर्शी अर्थतन्त्र पनि हो। बारामा देखिएको अवस्था सुधारतर्फ नजाने हो भने यसले दीर्घकालीन सामाजिक, स्वास्थ्य र आर्थिक संकट निम्त्याउन सक्छ। अब समय बहाना होइन, परिणाम दिने कदम चाल्ने हो।

# चुनावी अभ्यास : अवसरसँगै चुनौती



चीन र भारत दुवैको आर्थिक र सामरिक शक्ति उदाहरणीय स्तरका छन्, यस्तो पृष्ठभूमिमा जापान पनि उस्तै तहको सामरिक परिवेशमा हुर्किन इच्छुक देखिएको छ, जसले चीनलाई किञ्चित झस्काएको संकेत हालैका महिनामा चीनकै प्रेसमा आएका विवरणहरूले दिएका छन् । अमेरिकाको प्रतिस्पर्धामा रहेको चीनलाई जापानमा विकसित घटनाक्रमले सीधा असर पार्ने सम्भावना छैन ।



ध्रुवहरि अधिकारी

विश्व-व्यवस्था ८० वर्षपछि कोल्टे फेर्ने चरणमा पुगेको देखिँदै छ । कतै मानचित्रसँग गाँसिएका प्रश्न छन् त कतै स्वस्फूर्त परिवर्तनको पक्षमा जनआकांक्षा प्रकट भइरहेका छन् । कसैका लागि चुनौती छ त कोही अवसरको प्रतीक्षामा होलान्। नेपालजस्तै भूरुपरिवेष्टित एसियाली देश लाओसमा यसै साताको आरम्भमा निर्वाचन सकियो । यसअघि थाइल्याण्ड, म्यानमार, जापान र बंगलादेशमा चुनावी अभ्यास भएका थिए । अब नेपालमा तय भएको चुनावी मिति २१ फागुन (५ मार्च) को दश दिनपछि कजाखस्तानमा संविधान परिमार्जनको प्रश्नउपर जनमतसंग्रह हुने भएको छ । त्यसो त बंगलादेश र थाइल्याण्डको निर्वाचनलाई पनि यस्तै प्रयोजनका लागि जनमतसंग्रहसँग जोडिएको थियो र तदनुरूपका उपाय अवलम्बन गरिँदै छन् । जापानमा भएको चुनावले प्रथम महिला प्रधानमन्त्री सानेई ताकाइचीको दल एलडीपीले प्रतिनिधि सभामा अत्यधिक बहुमत पाएको हुनाले संविधान संशोधनका लागि जनमतसंग्रह गराउने ढोका खुलेको छ । प्रक्रिया पूरा भएपछि हालसम्म 'आत्मरक्षा बल' (सेल्फ-डिफेन्स फोर्स) को नामबाट चिनिँदै आएको जापानी सेना विधिवत् संवैधानिक अंगको रूपमा स्थापित हुनेछ र यसलाई सीमा-सुरक्षाको काममा तैनाथ गर्न सकिने छ । एकै भौगोलिक क्षेत्रमा अर्थात् पूर्वी एसियामा पर्ने मुलुक हुन् जापान र चीन तर यी दुई देशको सम्बन्ध सुमधुर छैन । किन होला ? यस लेखमा त्यसैलाई संक्षेपमा केलाउने प्रयास गरिएको छ ।

### अठोटको आधार

जग-जाहेर छ, जापानको संविधान दोस्रो विश्वयुद्ध (सन् १९३९रु-४५) को अन्त्यसँगै अमेरिकी चाँजोपाँजोमा तर्जुमा गरिएको थियो, जसको धारा ९ ले जापानको सैनिक बललाई यतिञ्जेल कतै लडाञीका लागि परिचालन गर्न नपाउने गरी रोक लगाउँदै आएको छ । अर्को शब्दमा, अब यो अवरोध हटेपछि जापानको सेना पनि प्रतिरक्षाका लागि सशस्त्र संघर्षमा उत्रिन सक्नेछ । यसले अमेरिकी सहयोगको प्रतीक्षा गरेर बस्नुपर्ने अवस्था रहने छैन । यस्तो लचकताले कतै एसियाको यस भेगमा पनि तनाउ चर्काउने त होइन भन्ने आशंका उत्पन्न हुन्छ।

हो, पश्चिम एसिया ( मध्यपूर्व) मा प्यालेष्टाइन-इजरायल बीचको तनाउ केही शिथिल भएको छ तर यसले युद्धविरामलाई स्थायी गराउला भनेर ढुक्क हुने परिस्थिति छैन । यी हरफ लेख्दा इरान सम्भाव्य अमेरिकी आक्रमणको जोखिमबाट जोगिने उपायको खोजीमा रहेको अवस्था छ । यता, युरोपमा युक्रेन-रुस युद्ध चलेको यो साता चार वर्ष पूरा भयो तर छिटै रोकिने वा मत्थर हुने छेकछन्द देखिँदैन । विश्वशान्ति खल्बलिने कुरा अमेरिकी सरकारका नीति र प्राथमिकतामा निर्भर रहने देखिएकोले बेलायत, फ्रान्स र जर्मनी लगायतका युरोपेली मुलुक सुरक्षाबारे नयाँ कार्ययोजनाको खाका खिच्न लागेका छन् । क्यानडा र अष्ट्रेलिया पनि आ-आफ्ना राष्ट्रियहितका लागि विद्यमान नीतिहरूमा पुनर्विचार गर्न लागेका छन् । अमेरिकाको साटो चीनसँग व्यापार सम्बन्ध बढाउन युरोपेली नेताहरू कस्सिएर लागेका छन् । जर्मनीका चान्सलर (प्रधानमन्त्री) फ्रेडरिख मर्जको चीनरु-भ्रमणलाई यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ ।

एसिया महादेशमा चीन, भारत, जापान र इण्डोनेसिया जस्ता प्रभावशाली देशहरू अवस्थित छन् । यिनमा पनि जापानबाहेक अन्य तीन उल्लेख्य जनसंख्या भएका मुलुक मानिन्छन् । चीन र भारत दुवैको आर्थिक र सामरिक शक्ति उदाहरणीय स्तरका छन्, यस्तो पृष्ठभूमिमा जापान पनि उस्तै तहको सामरिक परिवेशमा हुर्किन इच्छुक देखिएको छ, जसले चीनलाई किञ्चित झस्काएको संकेत हालैका महिनामा चीनकै प्रेसमा आएका विवरणहरूले दिएका छन् । अमेरिकाको प्रतिस्पर्धामा रहेको चीनलाई जापानमा विकसित घटनाक्रमले सीधा असर पार्ने सम्भावना छैन, किनभने आजको चीन सन् १९४९ मा माओले स्थापना गरेको 'जनवादी गणतन्त्र चीन' मात्र रहेन । जे प्रत्यक्ष छ, त्यसलाई के प्रमाण चाहियो र ?

### स्वाभाविक चासो

जे होस्, परिवर्तित परिवेशमा चीनले आफ्नो वरपरका गतिविधिमा एक तहको चासो राख्नु र प्रतिक्रिया जनाउनु अस्वाभाविक मान्न मिल्दैन । ताइवानलाई एकीकरण गर्ने चीनको लक्ष्यमा कुनै प्रकारको अवरोध नआओस् भन्ने बेइजिङको सोचलाई सहजै बुझ्न सकिन्छ । हङकङ र मकाओको व्यवस्थापनबारे पनि चीन उत्तिकै सजग छ । त्यसैले 'एक-चीन' को सिद्धान्त मान्न सहमत भैसकेका संयुक्त राज्य अमेरिका समेत कुनै पनि देशले त्यसमा तल-माथि नगरुन् भन्ने बेइजिङको अपेक्षा होला ।

जापान र चीन माझको वैमनस्य दोस्रो विश्वयुद्धभन्दा अघिका लडाञीका कारणले भएको हो । अर्को कोणबाट हेर्दा त्यो वैरभावको युग सन् १९४९ मा आधुनिक चीन उदय हुनुअघिको हो । त्यसै हुनाले दुवै पक्ष आपसमा सहमत भएर सन् १९७२ को नोभेम्बरमा द्विपक्षीय सम्बन्धलाई 'सामान्य' गराइएको थियो । जापानका प्रधानमन्त्री काकुई तानाका र चीनका प्रधानमन्त्री चाओ एनलाई बीच तय भएको सहमति संयुक्त वक्तव्य मार्फत जारी भएपश्चात् आपसी सम्बन्ध नयाँ चरणमा प्रवेश गरेको तथ्य अभिलेखमा पाइन्छ । परन्तु पुराना युद्धका घाउ हत्पति पुरिन सक्दैनन् । भएको यही हो । चिनियाँ पक्षले जापानी साम्राज्यको तर्फबाट गरिएका हमला र त्यस क्रममा भएको जनधनको क्षति अपूरणीय थियो भन्दै आएको छ । खास गरेर सन् १९३७ को १३ डिसेम्बर १९३७ पछिका छ सातामा जापानी सेनाले 'नानजिङ काण्ड' को बेला गरेको हत्या, लूट, बलात्कार समेतको अत्याचारप्रति जापानले गरेको क्षमायाचना अपर्याप्त छ भन्ने चिनियाँ जिकिर छ । भनिन्छ, त्यस बखत एकलाखभन्दा बढी मानिस मारिएका थिए । त्यस बखतको आक्रमणमा युद्ध-अपराध गराउने कमाण्डर मात्सुई र उसको सहयोगी जर्नेललाई एक ट्राइब्युनलले दोषी ठहरुऱ्याई उसै बखत (दोस्रो विश्वयुद्धपछि) प्राणदण्ड दिइसकेको हो र विश्वयुद्धपछिका जापान सरकारहरूको तर्फबाट नेताहरूले विगतका घटनाप्रति पटक-पटक पश्चाताप पनि गर्दै आएका छन् ।

यसै सन्दर्भमा चिनियाँ पक्षको अर्को शिकायत छ - 'जापानका सत्तासीन नेताहरू राजधानी टोकियोमा रहेको शिन्तो पवित्रस्थल 'यासुकुनी' मा गएर देशका लागि प्राण आहुति गर्ने वीरहरूप्रति सम्मान अर्पण गर्ने क्रममा चीनविरुद्ध युद्धअपराधमा सामेल भएकाहरूलाई समेत त्यही मान्यता दिने गर्छन्, यो काइदा ठीक भएन ।' जापान यसलाई उसको आन्तरिक मामिला ठान्दछ । इतिहाससँग सरोकार भएका गुनासा यी भए । केही विवाद भूगोलसँग सम्बन्धित छन् । ओकिनावा प्रान्त नजिकै पूर्वी चीन सागरमा अवस्थित सेन्काकु द्वीपसमूह (स्थायी मानव बसोबास नभएको) जापान प्रशासित क्षेत्र हो तर यसमाथि चीनले पनि दाबी गर्दैआएको छ । चिनियाँ पक्षले यसलाई 'दियाओयु' भन्ने गर्दछ ।

### ऐतिहासिक पाटो

स्मरणीय छ, प्रशान्त क्षेत्रमा दोस्रो विश्वयुद्धको समाप्ति जापानका हिरोशिमा र नागासाकी नगरमाथि अमेरिकी अणुबम प्रहारपछि भएको हो । युरोपमा लडाञीको अन्त्य केही महिना पहिले नै जर्मनीले आत्मसमर्पण गरेपश्चात् भएको थियो । प्रशान्त तर्फको लडाञी चाहिँ जापानले पराजय स्वीकार गर्दै कागजपत्र मार्फत विधिवत् अन्त्य गरिएको दिन थियो २ सेप्टेम्बर १९४५ । त्यसै घटनाको सम्झनामा बेइजिङले गएको ३ सेप्टेम्बर (१८ भदौ) मा ठूलो परेडको आयोजना गरेको थियो, जसमा नेपालका तत्कालीन प्रधानमन्त्री पनि सम्मिलित भएका थिए ।

चिनियाँ पक्षले विगतको जापानी आक्रमणको प्रतिरोधमा चीन जागेको सन्दर्भ पनि त्यसैमा गाँसेको थियो । यसबाट जापानप्रतिको चीनको तिक्तता अहिलेसम्म मेटिएको रहेनछ भन्ने प्रष्ट हुन्छ । गएको साताको प्रसंग हो, संयुक्त राष्ट्रसंघमा चीनका राजदूत फु कोङ्ले जापान सुरक्षा परिषद्मा स्थायी सदस्य हुन योग्य देश होइन भनेर टिप्पणी गरेका थिए, जसको चर्चा 'ग्लोबल टाइम्स' पत्रिकाले छापेको छ ।

### हिन्द-प्रशान्त अन्तर्य

अब वर्तमान स्थितिलाई नियालौं । संयुक्त राज्य अमेरिका र जापान सन्धिबद्ध मुलुक हुन्, एकअर्काको सुरक्षामा प्रतिबद्ध छन् । जापानमा अमेरिकी सेनाको बलियो उपस्थिति छ- सैनिक अखाडाहरू छन् । हालैको निर्वाचनपछि बलियो जनाधार बनाएकी प्रधानमन्त्री ताकाइची केही साताभित्रैमा वाशिङटन जाँदैछिन् । अनि जापानको प्रतिरक्षा खर्च पनि बढ्ने क्रममा छ । ताइवान एकीकरणमा दत्तचित्त चीनले यी नयाँ घटना-विकासको अन्तर्य नबुझ्ने कुरै भएन । जापान 'क्वाड' नामक चारदेशको सुरक्षा समूहको पनि सदस्य छ, जसमा अमेरिका, भारत र अष्ट्रेलिया सम्मिलित छन्।

आउँदो मार्च महिनाको आखिरी दिन राष्ट्रपति ट्रम्प बेइजिङ आउँदा द्विपक्षीय वार्तामा कुन स्तरको अडान कायम गर्ने त्यसको निरूपणमा राष्ट्रपति सी चिनफिङका सहयोगीहरू लागिसकेका होलान् । तिनलाई अमेरिकी सेनाका हिन्द-प्रशान्त (इण्डोरु-प्यासिफिक) कमाण्डर स्यामुएल पापारो एसियाका विभिन्न देशको भ्रमण गर्दै नेपालसम्म आइपुगेको जानकारी पनि अवश्य होला ।

स्पष्टै छ, ट्रम्पका कतिपय दृष्टिकोण सुसंगत र स्थिर देखिन्नन् तापनि उनको सरकारका गुप्तचर तथा अन्य संयन्त्रका रणनीतिकारहरूले ताइवान मात्र होइन, व्यापार समेतका मामिलामा उनले जानकार राख्ने प्रयत्न पक्कै पनि गर्लान् । यस कुराको पूर्वानुमान गर्ने आधार भर्खरै परराष्ट्रमन्त्री मार्को रुबियोले दिएका छन् । गत सोमवार (२३ फेब्रुअरी) परेको जापानी सम्राट नारुहितोको जन्मोत्सवको अवसरमा जापानप्रति शुभेच्छा जनाउने वक्तव्यमा दुई देशका नेताले मिलेर 'स्वर्णयुग' ल्याउने आशा रुबियोले प्रकट गरेका छन् । उनको थप भनाइ छ - हाम्रो गठबन्धन 'असाधारण' प्रकृतिको छ र यो जुनसुकै चुनौतीको सामना गर्न तयार छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## उत्तर-पूर्वी नाइजेरियामा भएको आक्रमणमा २५ जनाको मृत्यु



नाइजेरिया, फागुन १४ गते । उत्तर-पूर्वी नाइजेरियाको अदामावा राज्यमा भएका दुई वटा छुट्टै जिहादी आक्रमणमा कम्तीमा २५ जनाको मृत्यु भएको स्थानीय स्रोतलाई उद्धृत गर्दै एएफपीले बिहीबार जनाएको छ ।

क्यामरुनसँगको सीमावर्ती क्षेत्रका मडागाली र होङ सहरमा भएका आक्रमणको श्रेय बोको हराम जिहादीलाई दिइएको छ जसका लडाकु सन् २००९ देखि हिंसात्मक विद्रोहसहित यस क्षेत्रमा सक्रिय छन् । आक्रमणकारीले बजार लुटेर खानेकुरा र मोटरसाइकल चोरी गरेकोसमेत स्रोतले जनाएको छ ।

छिमेकी होङमा तीन सैनिकसहित अन्य चार जनाको मृत्यु भएको जनाइएको छ । गभर्नर आदामु उमारु फिन्टिरीले विज्ञप्ति जारी गर्दै आधिकारिक आक्रमणको निन्दा गर्नु भएको छ । विज्ञप्तिमा अपराधीलाई चेतावनी दिदै आक्रमणबाट टाढा रहन आग्रह गर्दै आक्रमणको पूर्ण सामना गर्नु पर्ने जनाइको छ ।

सन् २००९ देखि नाइजेरियामा जिहादी विद्रोह, मुख्यतया बोको हराम र यसको प्रतिद्वन्द्वी गुट, इस्लामिक स्टेट वेस्ट अफ्रिका प्रोभिन्स ( आइएसडब्लुएपी)को नेतृत्वमा देशमा ४० हजार भन्दा बढी मानिस मारिएका छन् भने २० लाख विस्थापित भएका छन् । द्वन्द्व छिमेकी नाइजर, चाड र क्यामरुन सम्म फैलिएको छ, भने यी समूहसँग लड्न क्षेत्रीय सैन्य गठबन्धन गठन गरिएको छ ।

## प्रतिनिधिसभा...

बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म अत्यावश्यक सेवाबाहेकका सवारी साधन सञ्चालनमा समेत रोक लगाइनेछ। एम्बुलेन्स, औषधि तथा दूध बोकेका सवारी, खानेपानी, दमकल, दूरसञ्चार, अस्पताल सेवा, सुरक्षा निकायका सवारी तथा अनुमति प्राप्त अत्यावश्यक सेवाका सवारी साधन भने सञ्चालन गर्न पाइनेछ। प्रशासनले निर्वाचनलाई शान्तिपूर्ण र मर्यादित बनाउन सबै नागरिक, व्यवसायी तथा सरोकारवालालाई आदेश पालना गर्न आग्रह गरेको छ।

## जसपा...

जसपा नेपाल पहिलेभन्दा अझ सशक्त बनेको र 'छाता' चुनाव चिह्न अन्य उम्मेदवारभन्दा दोब्बर मतले अगाडि रहेको दाबी गरे। त्यस्तै सुवर्ण गाउँपालिकामा पूर्व गाउँपालिका अध्यक्ष महेन्द्र यादव तथा मधेश प्रदेशका विधायक बच्चा यादवले अघिल्लो निर्वाचनभन्दा यसपटक बढी मत प्राप्त हुने विश्वास व्यक्त गरेका छन्।

प्रदेशसभा सदस्य सारदा शंकर प्रसाद कलवार र करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भु यादवले पनि बारा-२ मा जसपा नेपालको परम्परागत मत आधार कायम रहेको र यस निर्वाचनमा भोट वृद्धि हुनेमा आफूहरू पूर्ण विश्वस्त रहेको बताएका छन्।

निर्वाचन नजिकिँदै जाँदा बारा-२ मा राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ भने जसपा नेपालले आफ्नो संगठन र एजेण्डामार्फत मतदाता आकर्षित गर्ने प्रयासलाई तीव्रता दिएको देखिन्छ।

## विशाल...

गाउँपालिका वडा नम्बर १ अन्तर्गत त्रिवेणी, अकवनिया र भलुही क्षेत्रमा घरदैलो कार्यक्रम समेत सम्पन्न गरेको छ। घरदैलो अभियानमा स्थानीय बासिन्दाको उल्लेखनीय सहभागिता रहेको पार्टीले जनाएको छ।

फेटा-१ का पूर्व वडा अध्यक्ष जयप्रकाश दासले यसपटक जनसहभागिताले नै जसपा नेपालको जित सुनिश्चित हुने संकेत देखाइसकेको बताए। उनका अनुसार क्षेत्रभर पार्टीको संगठन मजबुत बन्दै गएको र मतदाताको समर्थन बढ्दो क्रममा रहेको छ।

निर्वाचन नजिकिँदै जाँदा बारा-४ मा जसपा नेपालको शक्ति प्रदर्शन, जनसभा तथा घरदैलो अभियानले चुनावी प्रतिस्पर्धा थप रोचक बन्दै गएको राजनीतिक विश्लेषकहरूको भनाइ छ।

## रास्वपा...

पाण्डेका अनुसार यसपटक जनतामा परिवर्तनको स्पष्ट चाहना देखिएको छ। उनले लामो समयदेखि निर्वाचित हुँदै आएका पुराना नेतृत्वले अपेक्षाअनुसार विकास गर्न नसकेको आरोप लगाउँदै क्षेत्रको अधुरो पूर्वाधार त्यसको उदाहरण भएको बताए।

उनका अनुसार करिब ३५ वर्षसम्म एउटै राजनीतिक प्रवृत्तिले नेतृत्व गरे पनि कलैयाको जाभी क्षेत्रमा निर्माण सुरु भएको करिब ३ किलोमिटर सडक अझै अधुरो रहनु, सडक, नाला तथा आधारभूत पूर्वाधार अस्तव्यस्त हुनु जनताको असन्तुष्टिको मुख्य कारण बनेको छ। विकास निर्माणमा ढिलासुस्ती र स्वार्थ केन्द्रित राजनीति प्रति नागरिकमा गुनासो बढ्दै गएको उनले बताए।

स्थानीय समस्यालाई समाधान गर्ने प्रतिबद्धतासहित उम्मेदवार साह जनतामाझ पुगेको र यसपटक मतदाताले परिवर्तनको पक्षमा निर्णय गर्ने विश्वास व्यक्त गरिएको छ। जनताको गुनासो सुन्दै समाधानमुखी योजना अघि सार्दै साह जिततर्फ अघि बढिरहेको रास्वपा पक्षको दाबी छ।

## कार्की...

सार्वजनिक गर्नुपर्ने बताएका छन्। अलायन्सका अनुसार अन्तरिम नागरिक सरकारले जेनजी आन्दोलनसँग सम्बन्धित अन्य मागहरू सम्बोधन गर्ने अपेक्षा गरिए पनि त्यसअनुसार काम हुन नसकेको गुनासो गरिएको छ। ध्यानाकर्षणपत्रमा भदौ २३ र २४ का घटनाको निष्पक्ष छानबिन गरी आयोगका सिफारिस कार्यान्वयन, दोषीलाई कारबाही तथा पीडितलाई न्याय दिलाइने विश्वास गरिएको उल्लेख गरिएको छ।

तर आयोगको कार्यकाल पटक-पटक थपिँदै निर्वाचनपछि मात्र प्रतिवेदन सार्वजनिक गरिने चर्चा चलेपछि जनस्तरमा शंका उत्पन्न भएको अलायन्सको भनाइ छ। विगतमा बनेका विभिन्न आयोगका प्रतिवेदनजस्तै यसलाई पनि थन्क्याएर दण्डहीनता कायम राख्ने प्रयास हुन सक्ने आशंका व्यक्त गरिएको छ।

अलायन्सले निर्वाचन सम्पन्न भएसँगै प्रतिवेदन सार्वजनिक गर्ने स्पष्ट प्रतिबद्धता सरकारले सार्वजनिक रूपमा जनाउनुपर्ने माग समेत गरेको छ। यस्तो नगरे जनआन्दोलनको भावना र जनविश्वासमाथि आघात पुग्ने चेतावनी उनीहरूले दिएका छन्।

## टी–२० विश्वकप : वेस्ट इन्डिजलाई हराउँदै दक्षिण अफ्रिका सेमिफाइनल नजिक

*काठमाडौं, फागुन १४ गते ।* दक्षिण अफ्रिका आइसिसी टी-२० विश्वकप क्रिकेटको सेमिफाइनल नजिक पुगेको छ। अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियम बिहीबार भएको खेलमा दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई नौ विकेटले हरायो।




दक्षिण अफ्रिका अपराजित रहँदै अन्तिम चार नजिक पुगेको हो । यसअघि समूह दुई बाट इङ्ल्यान्डले सेमिफाइनल यात्रा तय गरिसकेको छ ।

जितका लागि एक सय ७७ रनको लक्ष्य पछ्याएको दक्षिणले १६.१ ओभरमा एक विकेटको क्षतिमा लक्ष्य पूरा गरेको हो। दक्षिण अफ्रिकाका लागि कप्तान एडेन मार्क्रमले अविजित ८२ रनको अर्धशतकीय इनिङ्स खेल्नुभयो ।

उहाँले ४६ बलका सात चौका र चार छक्का हान्नुभयो । यस्तै क्विन्टन डे ककले ४७, रायन रिकेल्टनले अविजित ४५ रन बनाउनुभयो । बलिङमा वेस्ट इन्डिजका रोस्टन चेसले एक विकेट लिनुभयो ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ७६ रन बनाएको थियो ।

वेस्ट इन्डिजका लागि जेसन होल्डर र रोमारियो शेफर्डले सानदार साझेदारी गरेपनि टोलीको हार टरेन । दुवैले आठौँ विकेटका लागि ८९ रनको महत्वपूर्ण साझेदारी गर्नुभएको थियो ।

शेफर्डले अविजित ५२ र होल्डरले ४९ रन बनाउनुभयो । यस्तै ब्रेन्डन किङले २१ र साई होपले १६ रन जोड्नुभयो। बलिङमा दक्षिण अफ्रिकाका लुङ्गी एनगिडीले तीन तथा कागिसो रबाडा र कोर्बीन बोस्चले दुई दुई विकेट लिनुभयो ।

सुपर आठमा दोस्रो जितसँगै चार अङ्क बनाएको दक्षिण अफ्रिका समूह एकको शीर्षस्थानमा छ। दोस्रो स्थानमा रहेको वेस्ट इन्डिजको दुई अङ्क छ । एक एक खेल खेलेको भारत र जिम्बावेले खाता खोल्न सकेका छैनन् । भारत र जिम्बावे आफ्नो दोस्रो खेलमा आजै राति भिड्नेछन् ।







जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# बारा–३ मा कांग्रेस उम्मेदवार फर्मुल्लाह मंसुरको चुनावी अभियान तीव्र

***संवाहक सम्वादाता***-*१४फागुन, कलैया*
प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा बारा निर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका उम्मेदवार फर्मुल्लाह मंसुरले चुनावी अभियानलाई थप तीव्र बनाएका छन्। कलैया उपमहानगरपालिकासहित निर्वाचन क्षेत्रका विभिन्न वडा तथा बस्तीमा निरन्तर घरदैलो कार्यक्रम, चुनावी कोणसभा र मतदाता भेटघाट अभियान सञ्चालन गर्दै उनी यतिबेला प्रत्यक्ष रूपमा जनतामाझ पुगेका छन्।



लामो राजनीतिक अनुभव बोकेका कांग्रेसका सह-महामन्त्रीसमेत रहेका मंसुरले आफूलाई अन्तिम पटक उम्मेदवारको रूपमा प्रस्तुत गरेको उल्लेख गर्दै मतदातासँग भावनात्मक अपिल गरिरहेका छन्। घरदैलो कार्यक्रमका क्रममा स्थानीय बासिन्दासँग विकास, रोजगारी, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार सुधारका विषयमा छलफल गर्दै क्षेत्रको समग्र विकासका लागि आफूलाई विजयी गराउन आग्रह गरिरहेको उनका सहयोगीहरूले बताएका छन्।

चुनावी कोणसभाहरूमा बोल्दै मंसुरले समुदायबीचको सद्भाव, समावेशी प्रतिनिधित्व तथा पिछडिएका वर्गको आवाज संसदसम्म पुऱ्याउने आफ्नो प्राथमिकता रहेको बताएका छन्। उनले क्षेत्रको दीर्घकालीन विकास योजना अघि बढाउन स्थिर राजनीतिक नेतृत्व आवश्यक रहेको धारणा पनि व्यक्त गर्दै आएका छन्। कांग्रेस नेतृ बविता जसवालका अनुसार निर्वाचन क्षेत्रमा कांग्रेसको पक्षमा माहोल सकारात्मक बन्दै गएको छ। विशेषगरी मुस्लिम समुदायको उल्लेखनीय मताधार रहेको यस क्षेत्रमा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मतदाताहरू उत्साहित देखिएको उनले बताइन्। पार्टीका स्थानीयदेखि केन्द्रीय तहसम्मका नेता-कार्यकर्ता सक्रिय रूपमा परिचालन भएकाले यसपटक कांग्रेसको जित सुनिश्चित हुने विश्वास व्यक्त गरिएको छ।

अभियान अन्तर्गत युवा, महिला तथा विभिन्न पेशागत समूहसँग छुट्टाछुट्टै अन्तरक्रिया कार्यक्रम समेत आयोजना गरिएको छ। मतदाताका गुनासा सुन्ने र तत्काल समाधानका प्रतिबद्धता व्यक्त गर्ने शैलीले उम्मेदवार मंसुरको अभियान प्रभावकारी बन्दै गएको कांग्रेस स्रोतको दाबी छ।

निर्वाचन मिति नजिकिँदै जाँदा बारा-३ मा राजनीतिक गतिविधि तीव्र बनेको छ भने घरदैलो र प्रत्यक्ष संवादलाई प्राथमिकता दिएको कांग्रेसको अभियानले चुनावी प्रतिस्पर्धा थप रोचक बनाएको देखिन्छ।

# निर्वाचनको काउन्टडाउन : सातै प्रदेशमा एआईजीको कमाण्ड, मधेशको सुरक्षा कमाण्डर डम्बर विक

***काठमाडौं, १४ फागुन – २१***
फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै सुरक्षा व्यवस्था सुदृढ पारिएको छ। निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गराउन नेपाल प्रहरी ले सात प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)लाई सातै प्रदेशमा कमाण्ड जिम्मेवारीसहित खटाएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार ती एआईजीहरूले निर्वाचन अवधिभर प्रदेशअन्तर्गतका जिल्लाहरूमा सुरक्षा व्यवस्थाको अनुगमन, निर्देशन तथा समन्वय गर्नेछन्।



प्रदेशगत सुरक्षा व्यवस्थाअनुसार कोशी प्रदेशमा एआईजी राजन अधिकारी, मधेश प्रदेशमा डम्बर विक, बागमती प्रदेशमा सिद्धिविक्रम शाह, गण्डकी प्रदेशमा डा. मनोज केसी, लुम्बिनी प्रदेशमा उमा प्रसाद चतुर्वेदी, कर्णाली प्रदेशमा सुशील सिंह राठौर तथा सुदूरपश्चिम प्रदेशमा हिमालय कुमार श्रेष्ठ खटिएका छन्। काठमाडौं उपत्यकाका तीन जिल्लाको कमाण्ड एआईजी ईश्वर कार्कीले सम्हालिरहेका छन्। संवेदनशील मानिएका जिल्लाहरूमा एसपी र एसएसपी स्तरका अधिकृतसमेत थप परिचालन गरिएको छ।

निर्वाचन सुरक्षाका लागि उपत्यकाबाट मात्रै १२ हजार ७०० भन्दा बढी प्रहरी टोली देशभर पठाइएको छ। ट्राफिक, अपराध अनुसन्धान तथा विभिन्न ब्यूरोका प्रहरीसमेत निर्वाचन ड्युटीमा खटाइएका छन्। तालिमप्राप्त कुकुरमार्फत शंकास्पद स्थानमा निगरानी बढाइएको छ भने ट्राफिक प्रहरी परिचालनका कारण उपत्यकाको यातायात व्यवस्थापनमा केही दबाब परेको बताइएको छ।

साइबर सुरक्षालाई समेत प्राथमिकतामा राख्दै प्रहरी प्रधान कार्यालयमा विशेष मनिटरिङ डेस्क स्थापना गरिएको छ। सामाजिक सञ्जाल निगरानी, साइबर ब्यूरो परिचालन तथा निर्वाचन आयोग सँग समन्वय गरी साइबर डेस्क सञ्चालनमा ल्याइएको छ। साथै सीमा नाकामा कडा निगरानी, सुरक्षा निकायबीच नियमित समन्वय बैठक र दैनिक सुरक्षा विश्लेषणमार्फत सम्भावित जोखिम न्यूनीकरण गर्ने तयारी गरिएको प्रहरीले जनाएको छ। निर्वाचन नजिकिँदै जाँदा सुरक्षा निकायले देशभर उच्च सतर्कता अपनाएको जनाएको छ।

# रास्वपा उम्मेदवार अरविन्द साहको बारा ३ मा घर दैलो अभियान तीव्र, “परिवर्तन”को एजेण्डा केन्द्रमा

***संवाहक सम्वादाता***-*१४फागुन, कलैया*
प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा बारा निर्वाचन क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार अरविन्द साहले घरदैलो अभियानलाई तीव्र बनाएका छन्। क्षेत्रका विभिन्न गाउँ-टोलमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनी परिवर्तन र सुशासनको एजेण्डासहित चुनावी अभियानमा सक्रिय देखिएका छन्।



घरदैलो कार्यक्रममार्फत साहले भ्रष्टाचारमुक्त शासन, पारदर्शिता र विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गर्दै मत मागिरहेका छन्। चुनावी अभियानमा स्थानीय युवाको उल्लेखनीय सहभागिता देखिएको र जनताको उत्साह बढ्दो रहेको रास्वपा सम्बद्ध नेताहरूले बताएका छन्।

जेनजी अभियानका कलैया उपमहानगर संयोजक सौरव

बाँकी तेस्रो पृष्ठमा

# कार्की आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न जेनजी मुभमेन्ट अलायन्सको माग

***काठमाडौं । १४ फागुन,***
जेनजी मुभमेन्ट अलायन्सले भदौ २३ र २४ मा घटेका घटनाको छानबिनका लागि गठन गरिएको जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न सरकारसँग माग गरेको छ। अलायन्सले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउँदै आयोगको प्रतिवेदन सार्वजनिक गर्न औपचारिक आग्रह गरेको हो।



गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको जाँचबुझ आयोगले प्रतिवेदन तयार गरिसक्दा पनि सार्वजनिक नगरिएको भन्दै अलायन्सले असन्तुष्टि जनाएको छ। आयोगको प्रतिवेदन लुकाउने प्रयास भइरहेको आरोप लगाउँदै उनीहरूले पारदर्शिता कायम गर्न प्रतिवेदन

बाँकी तेस्रो पृष्ठमा








## जनहितमा जारी सन्देश

*“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”*

**हामी सबैको कर्तव्य हो-**

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

*“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”*
*“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”*

**विश्रामपुर गाउँपालिका**
द्वारा जनहितमा जारी सन्देश ।



## जनहितमा जारी सन्देश

*“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”*

**हामी सबैको कर्तव्य हो-**

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

*“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”*
*“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”*



**निजगढ नगरपालिका**
द्वारा जनहितमा जारी सन्देश ।



## जनहितमा जारी सन्देश

*“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”*

**हामी सबैको कर्तव्य हो-**

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

*“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”*
*“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”*



**परवानीपुर गाउँपालिका**
द्वारा जनहितमा जारी सन्देश ।



## जनहितमा जारी सन्देश

*“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”*

**हामी सबैको कर्तव्य हो-**

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

*“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”*
*“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”*



**जीतपुरसिमरा उपहानगरपालिका**
द्वारा जनहितमा जारी सन्देश ।